# आर्थिक बर्ष २०७८/०७९
# को नीति तथा कार्यक्रम र बजेट बक्तव्य

गोलन्जोर गाँउपालिका
ग्वालटार,सिन्धुली
२०७८

गाँउसभाको बैठकमा २०७८ साल असार १० गते बिहिवार गोलन्जोर गाँउपालिकाका
उपाध्यक्ष श्री गंगादेवी श्रेष्ठ ज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम र बजेट बक्तव्य

गोलन्जोर गाँउपालिका
ग्वालटार,सिन्धुली
२०७८

आदरणीय सभाध्यक्ष ज्यू ,
गाँउसभाका सदस्य ज्यूहरु,
उपस्थित महानुभावहरु,
पत्रकार साथीहरु,
गोलन्जोरबासी दाजुभाई तथा दिदिबैनीहरु,

१.सर्वप्रथम यस गोलन्जोर गाँउपालिकाको गरिमामय गाँउसभामा पाँचौ पटक नीति तथा कार्यक्रम सहितको बजेट बक्तव्य प्रस्तुत गर्न पाउँदा आँफुलाई भाग्यमानी महसुस गरेको छु ।यस अवसरमा चौथो आ.ब.२०७८/७९ को बजेट र नीति तथा कार्यक्रम सफल कार्यान्वयनमा भुमिका खेल्नुहुने सम्बन्धित सबै पक्षहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।सिन्धुली जिल्ला र गोलन्जोर गाँउपालिकाभित्रका स्थानिय तथा राष्ट्रिय सञ्चार माध्यम पत्रपत्रिकाहरुलाई गाँउपालिकाको गतिविधीमाथी चासो राखी कलम चलाइदिनुभएकोमा बिशेष हार्दिक आभार व्यक्त गर्दछु ।साथै नेपालको विभिन्न चरणका लोकतान्त्रिक आन्दोलनमा आफ्नो जीवन अर्पण गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।
२ हाल विश्व व्यापि माहामारी कोभिड -१९ को असहज परिस्थितीले मानव जगतनै आक्रान्त त्रसित रहेको अवस्था तथा मानव समुदायको ठुलो मानविय क्षति भईरहेको र सो माहामारीको चपेटाबाट यस गाउँपालिका पनि अछुतो छैन तथापी स्थानीय जनताले दिएको माया स्नेह जिम्मेवारी भुमिका र नेपालको संविधान २०७२ कानुन बमोजिम स्थानिय तहलाई प्राप्त अधिकारलाई सार्वभौमसत्ता सम्पन्न जनताको हक हित विकास सम्बृद्धिको लागि नजिकको सरकारको तर्फबाट यो असहज अवस्थामा पनि सम्बोधन गर्दैछु । गोलन्जोर गाँउपालिकाले प्रस्तावित नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा मुलत:नेपालको संविधानको भाग १७, १८, १९ र अनुसुची ८ का २२ वटा एकल अधिकार सूचि र ९ का १५ वटा साझा अधिकार सूचि तथा स्थानिय सरकार संचालन ऐन २०७४ ले स्थानिय तहलाई दिएको,आर्थिक अधिकार,सामाजिक अधिकार,पुर्वाधार विपद् संस्थागत विकास शु-साशन प्राकृतिक श्रोतको उपयोग नीति, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, संघीय सरकार र प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तिय नीतिहरु, स्थानिय शासन संचालन ऐनका प्रावधानहरु, विकासका समसामयिक मुद्धाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, वायुमण्डलीय उष्णता,जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास, वालमैत्री स्थानिय शासन, वातावरणमैत्री स्थानिय शासन, खुल्ला दिसामुक्त तथा पुर्ण सरसफाई, उर्जासंकट युक्त लगायतका स्थायिय तथा विश्वव्यापि रुपमा रहेका यावत मानविय गतिविधि र मानव जीवनसँग अन्तर सम्बन्धित विषयहरु, स्थानिय तहले देखेका विविध विषयहरु, अर्थ मन्त्रालय, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश मन्त्रालयहरु र अन्यबाट प्राप्त मार्गदर्शन , सरकारी गैर सरकारी संस्था तथा निकायहरुको प्राप्त विवरण र संघिय र प्रदेश सरकारले प्रदान गरेको बजेट सिलिङ, सहभागितामुलक योजना तर्जुमा अनुरुप बस्ती/टोल स्तरबाट छनौट गरिएका आयोजना/ कार्यक्रम, वडा स्तरीय आयोजना/कार्यक्रमहरुको प्राथमिकरण र बजेटसँग सम्बन्धित विभिन्न समितिहरुको प्रतिवेदन समेतको आधार मानी र पछिल्लो समय विश्व महामारीको रुपमा रहेको कोरोना भाइरस (कोभिड-१९) र यसका कारण सिर्जित लकडाउनको असरलाई समेत मध्य नजर गरी गाँउ

कार्यपालिका बाट स्वीकृत गरी सार्वजनिकरणका लागि यो गरिमामय गाँउ सभामा आगामी आ.व.२०७८/७९ को नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरेको छु ।

प्राकृतिक सौन्दर्यता, सास्कृतिक विविधता, मेहनती र परिश्रमी जनता , भौगोलिक विशिष्टता र सुन्दरता यस गाँउपालिका र समग्र सिन्धुली जिल्लाकै सम्पतिको रुपमा रहेको छ ।कृषि तथा औषधिजन्य कृषि उत्पादनहरु, पर्यटन, जलविद्युत आदि जस्ता विषयमा प्रचुर संभावना बोकेको गोलन्जोर गाँउपालिकामा दिगो र समुचित परिचालनको अभावमा अपेक्षित रुपमा सामाजिक सास्कृतिक आर्थिक विकास हुन सकेको छैन ।यद्यपि उपलब्ध सिमित स्रोत, साधन र समयको महत्तम उपयोग र प्रभावकारी उपयोग गर्दै सकारात्मक सोंच, दृढ संकल्प र सामुहिक ईच्छाशक्तिका साथ विकसित र समृद्ध गोलन्जोर गाँउपालिका निर्माण गर्न लागिपर्नु हामी सबैको दायित्व हो ।

आदरणीय सभाध्यक्ष ज्यू ,सदस्य ज्यूहरु तथा उपस्थित महानुभावहरु,
बजेट तथा कार्यक्रमको उदेश्य र मुख्य मुख्य नीतिहरु अब म संक्षेपमा प्रस्तुत गर्न चाहन्छु।

**२. बजेटको प्रमुख उदेश्यः-**

आ.ब.२०७४/७५ देखि आ. व. २०७८/०७९ सम्मको पाचँ बर्षे बार्षिक नीति योजना तथा कार्यक्रममा यस गाउँपालिकाको प्रमुख उद्धेश्य आर्थिक, सामाजिक, पुर्वाधार वातावरण विपद् संस्थागत विकास र शुसासन समग्र क्षेत्रको क्षेत्रगत विकास तथा सुधारमै केन्द्रित रहेको अवगत गराउन चाहान्छु ।यहि शिलशिलामा हाम्रो पाँच बर्ष समग्र क्षेत्रको विकास गरी यस गाँउपालिकालाई समृद्ध गाँउपालिकाको रुपमा स्तरोन्नती गर्न योगदान पुर्याउन जोड दिनु रहेको छ ।यद्यपि हाल विश्व व्यापी माहामारीको रुपमा रहेको कोभिड -१९ अदृष्य दुष्मनले विश्व लगाएत हाम्रो मुलुक तथा यस स्थानीय तह पनि अछुतो छैन ।यस्ता माहामारी प्रकोपले विच विचमा आउने समस्या तथा जटिलताले तोकिएको लक्ष्य उद्धेश्यमा पुग्न वा प्राप्त गर्न असहजता सृजना गरेको छ ।तथापी यस माहामारीको विचमा पनि हामीले आर्थिक वर्ष २०७८/०७९ को बजेट बक्तव्य तथा बजेट नीति कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गर्नु पर्ने छ।यसका लागि यस गाउँपालिकाको उपलब्ध श्रोत साधनको अधिकतम उपयोग र प्रयोग गरी समग्र गाउँपालिकाको कृषि, पशु, सामाजिक क्षेत्र, पर्यटन, जडिबुटी र जलश्रोतको समुचित विकास गरी सडक, शिक्षा, स्वास्थ्य ,संचार, जैविक विविधता लगायतका क्षेत्रहरुको नमूना विकास गरी र जनताका आधारभूत आवश्यकतासँग जोडिएका ग्रामिण समुदायको आम्दानी रोजगारी हुने उत्पादनशिल तथा छिटो प्रतिफल प्राप्त गर्ने कम लागत बढि जनसहभागिता बृद्धि हुने स्थानीय श्रोत साधन र जनशक्तिको अधिक्तम उपयोग हुने पिछिडियका क्षेत्र तथा वर्ग तथा सिमान्तकृत समुदायको समतामुलक तथा सहभागितालाई शुनिश्चिता वातावरण र ग्रामिण पर्यटन एग्रो पर्यटनलाई प्रबर्द्धन गर्दै संघीय सरकारका तथा प्रदेश सरकारका राष्ट्रिय लक्ष्य उद्धेश्यहरुलाई सहयोग पुर्याँदै यस गाउँपालिकाको दिगो नतिजामुलक ग्रामिण समुदायले नजिकको सरकारले नजिकबाट गर्ने समग्र क्षेत्रगत विकास तथा कार्यक्रम संचालन गरि श्रोत साधन तथा जनशक्तिको परिचालन गर्नु रहेको छ ।

**३.मुख्य नीतिहरु**

- हाल विश्व व्यापी माहामारीको रुपमा रहेको रोग तथा साझा सत्रुको रुपमा हाल रहको कोभिड -१९ ले विश्व लगाएत नेपाल र यस गाउँपालिका पनी त्यस माहामारीबाट अछुतो नभएको अवस्थामा सो भाईरसको रोकथाम तथा नियन्त्रणको लागि स्वास्थ्य भौतिक मानविय, स्वास्थ्य कर्मीको जोखिम तथा स्वास्थ्य संस्थाहरुको संस्थागत विकास साथै सो भाईरस नियन्त्रण तथा न्युनिकरणको लागि निरोधात्मक, प्रबर्धनात्मक तथा उपचारात्मक कार्य र श्रमिक अति गरिव विपन्न नागरिकहरुको तथा भोकमरीमा पर्ने समदायक लागि यस आर्थिक वर्षको बजेट प्रथामिकता दिईने छ । यस्ता माहामारी नियन्त्रण र व्यवस्थापनको लागि गैर सरकारी क्षेत्रको समेत सहयोगलाई परिचालन गरिने छ ।
- गाउँपालका केन्द्र देखि सबै वडा कार्यालयहरु र बस्तिहरुमा मोटरबाटो निर्माण, ड्रेन निर्माण र सडक स्तरोन्नतीको लागि उच्च प्राथामिकताका साथ अगाडि बढाईने छ ।साथै गाउँपालिका स्तरिय सडक संजाल निर्माण र झोलुङ्गे पुलको लागि संघ तथा प्रदेश सरकारसँग सहकार्यका लागि पहल गरिनेछ ।

- पुर्ण सरसफाई युक्त, पुर्ण खोपयुक्त, पोषणमैत्री,वातावरण मैत्री वालमैत्री खानेपानी तथा सरसफाई युक्त मातृस्वास्थ्य वाल स्वास्थ्य सुधारका क्षेत्रमा बजेट लगानीको लागि प्रथामिकता दिईने छ । यसको लागि गाउँपालिका आफै वा विकास साझेदार सरकारी गैर सरकारी निजी क्षेत्रको शयुक लगानीमा कार्यक्रम दर्जुमा कार्यान्वयन गरिने छ ।
- पर्यटन उद्योगको उच्च संभावना भएको हुँदा पर्यटन पूर्वाधार निर्माण तथा विकासमा हाल सम्म भएको लागानीलाई भ्यू टावर साईकल जोन र लिफ्ट सिचाई जस्ता गाउँपालकाका गौरवका आयोजना सम्पन्न तथा संचालनकोलागि बजेटमा प्राथमिकता दिइनेछ ।
- दिगो अर्थतन्त्रका लागि कृषि तरकारी खेती तथा पशुपालन तथा खोर सुधारको लागि उचित कार्यक्रमहरु संचालन गरी **एक घर एक बगैंचा/एक फर्म नीतिलाई** अनुशरण गरि स्वरोजगार आय आर्जनका कार्यक्रम संचालन गरि कृषि तथा पशुपालन रोजगारी क्षेत्रको उत्पादन उत्पादकत्व बृद्धि र विकास गरि तल्लो गढतिर बेल्टलाई तरकारी खेती पकेट क्षेत्र आदामारा क्षेत्रलाई पशुपालन क्षेत्र र माहाभारत क्षेत्रलाई फलफुल तथा पशुपालनको रुपमा विकास गर्नको लागि बजेटलाई प्रथामिकता दिईने छ ।
- समावेशीकरण, समान सहभागितात्मक, विकास समतामुलक विकासका, आधारमा सिमान्तकृत पिछडिएका वर्ग समुदायको सशक्तिकरणको नीतिलाई अबलम्बन गर्दै महिलामैत्री अपाङ्गमैत्री, लैङगिक मैत्री तथा छुवाछुतमुक्त गाँउपालिका निर्माणका लागि पूर्वाधार विकास तथा विभिन्न कार्यक्रमहरु संचालनको लागि बजेट विनियोजन गरिनेछ ।
- सुचना प्रविधि क्षेत्रको विकास विस्तारको लागि सबै वडा कार्यालयहरुमा **सूचना पहुच विकास** र ईन्टरनेट सेवाको पहुँच स्थापना र विस्तार गरि हाल विश्वव्यापिकरण भैरहेको सूचना प्रविधिलाई अधिकतम उपयोग गरि वडा तथा गाउँपालिकाबाट प्रदान गरिने सेवालाई प्रविधिमैत्री बनाउनको लागि बजेट प्राथामिकता दिईने छ।
- **कृषि तथा पशुपालन युवा स्वरोजगार उद्यम व्यवसायको** क्षेत्रमा विकास र उन्नत प्रविधि विकास विस्तार र प्रबर्द्धन विक्रि कक्ष निर्माण विस्तारको लागि सार्वजनिक निजि गैर सरकारी सहकारी क्षेत्र को शयुक्त प्रयासमा दिगो नतिजामुलक कार्यक्रम संचालनको लागि बजेट प्राथामिकता दिईने छ ।
- साना तथा लघु उद्यम कृषि तथा पशु पालन सहकरी क्षेत्रको विकास र स्थानिय पुर्वाधारको विकासको विकास विस्तार स्तरोन्नतीकद्य लागि अनुदान लगाएत कार्यक्रममा बजेट विनियोजनलाई प्राथामिकता दिईने छ ।
- **"शिक्षा सडक सिंचाई र कृषि गोलन्जोरको पुर्वाधार तरकारी खेती पशुपालन पर्यटन विकास समृद्धिको मुल आधार" भन्ने नारालाई कार्यान्वयन गर्नको लागि बजेट प्रथामिकता दिईने छ** ।
- शिक्षा क्षेत्रको शैक्षिक सुधार भौतिक सुधार शिक्षक थप र गुणस्तरीय शिक्षा खेलकुद उचित पारिश्रमिक कर्मचारीहरुलाई मौद्रिक तथा गैर मौद्रि हिसावले उत्प्रेरणा तथा उर्जा प्रदान गर्ने कार्यक्रम संचालन र विकासको लागि उचित बजेट व्यवस्थापन गरिनेछ ।

**४.आ.व.२०७८/७९ को लागि श्रोत साधनहरुको अनुमान,तिनका *माध्यमहरु* र संकलनका रणनितिहरु**

गोलन्जोर गाँउपालिकाले संघिय सरकार,प्रदेश सरकार र अन्यबाट प्राप्त मार्गदर्शन, सरकारी गैर सरकारी संस्था तथा निकायहरुको प्राप्त विवरण र बजेट सिलिङका आधारमा श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको प्रतिवेदनको आधारमा श्रोत साधनको अनुमान र खर्चको विस्तृत विवरण तयार गरिएको छ ।जुन तल अनुसुचीहरुमा प्रस्तुत गरिएकोछ ।

**५.यसैगरी अब म आ.व २०७८/२०७९ को लागि विषयगत विकास नीति उदेश्य र प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु ।**

**१.आर्थिक विकास**

कृषि

- गोलन्जोर गाँउपालिकाको नेपालकै प्रशिद्ध जुनार क्षेत्र भएकोले जुनार खेतीको रोग किरा नियन्त्रण र बजारिकणको लागि उचित व्यवस्थापन गरिने छ ।
- **एक घर एक करेसाबारी** नीतिलाई अवलम्बन गरी आमा तथा वालवालिकाको पोषण सुधारको लागि बजेट विनियोजन गरिने छ ।
- उन्नत जातको पशुपालनका लागि नश्ल सुधार तथा कृतिम गर्भाधारण कार्यक्रममा जोड दिदै बाख्रा गाई भैसी वंगुर भेडापालन मौरीपालन तथा माछापालन व्यवसायलाई प्रोत्साहन गरिनेछ ।
- पशु  पालन र कृषिमा उन्नत विउ विजन प्रविधी मल भकारो सुधार गोठ सुधार र उन्नत तथा नश्ल सुधार सहितको प्रविधि हस्तान्तरणको लागि प्राथामिकता दिदै कृषि तथा पशुपालन क्षेत्रमा हुने संक्रमणहरुको रोकथामका लागि यथेष्ट औषधी र उपचार प्रणालीमा जोड दिइनेछ ।
- कृषि पशु लघु उद्यमलाई प्रोत्साहन गर्नको लागि लागत साझेदारीमा उचित अनुदान दिने व्यवस्था मिलाइनेछ ।
- **बाँझो जमिन उपयोगको नीति** बनाइ कार्यान्वयन गरिने छ ।चक्लाबन्दीमा कृषि गर्न चाहने कृपकहरुको लागि समथर भुमी वनाउन तथा **चक्लाबन्दि व्यवसायिक तरकारी खेतीको** लागि उचित अनुदान वा सहयोग उपलब्ध गराइनेछ ।
- विकसित किसिमका व्यावसायिक कृषि तथा पशु प्रवर्दनका लागि फर्म तथा समूहका लागि ९०% अनुदान प्रदान गर्ने नीति अवलम्बन गरिनेछ ।नर्सरी बाख्रा फर्म तथा नमुना व्यवसाय संचालनको लगि अनुदान उपलब्ध गराईनेछ ।
- सबै प्रकारका कृषि पशु जन्य उत्पादन संकलन विक्रिको लागि गाउँपालिका स्तरिय कृषि तथा पशु बस्तु संकलन तथा विक्रि केन्द्र निर्माण गरि बजार सम्मको पहुँच शुनिश्चित गर्नको लागि बजेट व्यवस्था गरिनेछ ।
- एक वडा २/२ कृषि/ पशुको प्राविधक कर्मचारी व्यवस्थापन तथा परिचालन गरिनेछ ।
- पोखरी निर्माण पाइप वितरण साना सिँचाइ कार्यक्रम द्धारा सबै कृषि जमिन सिँचाइ हुने व्यवस्था गरिनेछ ।

उद्योग तथा वाणिज्य

- स्थानिय श्रोत साधन जनशक्तिको ज्ञान सिप क्षमताको प्रयोग हुने साना उद्यम विकास विस्तार र स्तरोन्नती हुने खालका कार्यक्रमको लागि  प्रथामिकता दिने खालका कार्यक्रम संचालनको लागि प्राथमिकता दिइनेछ ।
- गाउँपालिकाको पहिचान हुने तथा स्थानिय माग चाहान र बजार सुनिश्चित हुने खालका कार्यक्रमको लागि उचित बजेट व्यवस्थापनमा प्राथामिकता दिईने छ ।

पर्यटन

- गाँउपालिकाका गौरवको आयोजनालाई पुरा गराई सो लागानीबाट आम समुदायमा प्रतिफल हाशिल गर्दै गाउँपालिका क्षेत्रमा रहेका  सम्भाव्य पर्यटकिय स्थलहरुको पहिचान, संभाव्यता अध्ययन, वृतचित्र निर्माण तथा विकास गरी आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन गरिनेछ ।
- पर्यटकिय गन्तव्यको रुपमा गाँउपालिकाको गौरवको रुपमा रहेको सुनकोशी र्याफ्टिङ आयोजनालाई यसै वर्ष सम्पन्न भैसकेकोले सो सेवा संचालनमा ल्याइ आउने पर्यटकहरुको यस गाँउपालिकामा बसाई लम्ब्याउन गाउँपालिका भित्रका पर्यटकिय स्थलहरु गोलन्जोर भ्यू टावर, साइकल जोन , अवलोकन, होम स्टे ल्यान्द्रयाङ महादेव र गाँउपालिकाको सिमानामा रहेको सिन्धुलीगढी अवलोकन लगायतको थप विकास, विस्तार र सुधारमा विशेष ध्यान दिईनेछ । साथै प्रचार प्रसारमा जोड दिने सो को लागि प्रचार प्रसार गराई गोलन्जोरको पहिचान विकास र शशक्तिकरण र समुल समृद्धिमा जोड दिने कार्यक्रम कार्यान्वयन गरिने छ ।

सहकारी तथा वित्तिय क्षेत्र

- **सार्वजनिक निजी गैर सरकारी र सहकारीको** एकद्धार विकास नीति साझेदारी नीति गैर सरकारी संस्था वित्तिय संस्था परिचालन सम्बन्धि उचित नीति तयार गरि क्षेत्रगत लगानीमा नतिजामुलक विकासको सोच अनुरुप  बजेट  विनियोजन र परिचालन गरिने छ ।
- विभिन्न समुह सहकारी फर्म तथा कम्पनी वा निकाय सँग भएको साझेदारी कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्नको लागि सहकारी समुह फर्म कम्पनी वित्तिय संस्थाको संस्थागत सुधार भौतिक सुधार क्षमता विकास जस्ता कार्यक्रम लागत साझेदारीमा संचालन गरिनेछ ।
- सहाकारी वित्तिय नीति निर्माण गरि लगानी तथा व्याजदर एकरुपता हाशिल गराई लगानी मैत्री वातावरण सृर्जना गर्नको लागि प्रथामिकता दिईने छ ।
- होटल पसल सहकारी फर्म तथा व्यवसायहरुको उचित नियमनको दायरामा ल्याई प्रतिस्पर्धात्मक बजार र उपभोक्तामैत्री बजारको लागि उचित अनुगमन तथा नियन्त्रण कायम गरि सबैलाई करको दायरामा ल्याईने छ । साथै गाउँपालिकाको सेवालाई अनुभुति योग्य वनाउन उचित बजेट व्यवस्थापन गरिने छ

## २.सामाजिक विकास

शिक्षा

- गोलन्जोर गाँउपालिकाभित्र रहेका विद्यालयहरुको शैक्षिक भौतिक र गुणस्तर सुधार गर्न शिक्षक क्षमता, विकास  तथा गाउँपालिकामा वडा नं -०३ कौशिका माध्यामिक विध्यालयमा संचालनमा रहेको पशु शिक्षा वडा नं -५ मा रहेको कृषि शिक्षा र वडा नं -०७ मा रहेको प्राविधिक विध्यालयमा उचित अनुदान तथा प्रविधि मैत्री वनाउनको लागि बजेट व्यवस्था गरिनेछ ।
- गाँउपालिकाका दलित अति गरिब छात्राछात्रहरुलाई प्राविधिक तथा उच्च शिक्षाका लागि उचित छात्रवृति र अन्य सहायतका उचित बजेट तथा  माथिल्लो निकायमा सहुलियतको लागि  पहल गरिनेछ ।
- गाँउपालिकाभित्र संचालनमा  रहेका विद्यालयहरुमा १००% भर्नादर पुर्याउन विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।साथै साक्षरता अभिवृद्धि गर्न समन्वयात्मक पहल गरिनेछ ।
- विद्यार्थी शिक्षक अनुपात हेरी विभिन्न कानुनहरुको व्यवस्था गरी आन्तरिक स्रोतबाट विषयगत शिक्षक तथा अन्य कर्मचारी व्यवस्थापन गरि उचित अनुदान दिने व्यवस्था मिलाइनेछ।
- शैक्षिक गुणस्तर वृद्धि गर्न पर्तिस्पर्धाको नीति लिइ उत्कृष्ट शिक्षक, विद्यार्थी र विद्यालयहरुलाई पुरस्कारको व्यवस्था स्वरुप थप सहयोग/अनुदान प्रदान गरिनेछ ।
- शिक्षण सिकाइलाइ जिवनउपयोगी सिपसँग जोड्न सिपमुलक व्यवहारीक शिक्षा दिन प्रोत्साहन गरिनेछ ।
- कोभिडको कारण हाल सबै विध्यालय बन्द तथा पठन पाठन संचालन नभएको अवस्थामा बैकल्पिक सिकाईको विधि उपयोग गराई कोभिड संम्बेदनशिल बनाउनुको साथै सिकाई प्रकृयालाई निरन्तरता दिनको लागि उचित बजेट व्यवस्थापन गरिनेछ ।

स्वास्थ्य

- हाल विश्व महामारीको रुपमा रहेको कोरोना भाइरस (कोभिड-१९)  को रोकथाम तथा नियन्त्रणको लागि यस जोखिमको अवस्थामा अग्रपंतीमा रहि काम गर्ने स्वास्थ्य कर्मी सुरक्षा कर्मी सरसफाई कर्मी र एम्बुलेन्स चालन लगाएतका अन्य कर्मचारीहरुलाई उच्च प्रसंसा गर्दै माहामारीमा खटिने स्वास्थ्य कर्मी सुरक्षा कर्मी सरसफाई कर्मी र एम्बुलेन्स चालकहरुलाई यस आर्थिक वर्षमा खाईपाई आएको तलवको ५० प्रतिशत  जोखिम भत्ता तथा स्वास्थ्य संस्थाहरुको लागि औषधी लगाएत रोग निरोधात्मक ,प्रतिरोधात्मक र प्रबर्द्धनात्मक कार्य गर्नुको साथै संक्रमित जाँचको लागि कन्ट्रयाक्ट ट्रेसिङ्ग लगाएत शिघ्र स्वास्थ्य अनुगमन टोली गठन अन्य स्वास्थ्य सामाग्री खरिद र अन्य विपद् जन्य कार्यकोलागि उचित बजेट व्यवस्थापन गरि यस्तै प्रकृतिका अन्य सरुवा रोग सम्बन्धी र व्यक्तिगत सरसफाइ सम्बन्धी विद्यालय स्तरमा विद्यालय स्वास्थ्य तथा

खानेपानी कार्यक्रम सञ्चालन गरिनेछ ।साथै संघ र प्रदेश सरकारले अख्तियार गरेका स्वास्थ्य नीति तथा कार्यक्रमहरुसँग समन्वयात्मक सहकार्य गरिनेछ ।

- मातृ स्वास्थ्य तथा वाल स्वास्थ्य पोषण नियमित सुत्केरी महिलाको गर्भाअवस्थामा जाँच गराउन आउदा अण्डा र निजको घरमा सुत्केरी नभए सम्मको लागि झण्डा जस्ता प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरि स्वास्थ्य संस्थामा सुत्केरी गराउनेको सख्या शतप्रतिसत पुर्याईने छ । साथै स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य ईकाई सुचारु रुपले संचालन गर्न मानविय भौतिक र औषधि जन्य व्यवस्थापनका सम्पूर्ण पक्षहरुमा विशेष ध्यान दिनको लागि बजेट प्राथामिकता दिइनेछ।
- अध्यारोमा गर्भवती हुने अवस्थालाई अन्त्य गर्न सबै स्वास्थ्य चौकीहरुलाई ईनभर्टर तथा सोलारको र कोरोना अस्थायी अस्पताल र बेडको उचित व्यवस्थापनको लागि बजेट व्यवस्थापनको लागि प्राथामिकता दिईने छ ।
- एस.एल.सि. पास नभएका स्वयम सेविकाहरुलाई सम्मानजनक विदाइ गरी नयाँ स्वयमसेविका छनौट गरी तालिम लगायतको व्यवस्था गरी स्वास्थ्य प्रणाली मजबुत बनाइनेछ ।
- स्वास्थ सम्बन्धी देखिने विभिन्न प्रकोप नियन्त्रणको लागि गठित प्रकोप व्यवस्थापन कोषको उचित र मितव्ययी परिचालन गरिनेछ ।
- संघ र प्रदेशका उदेश्यहरुसँग तालमेल गर्दै स्थानिय आवश्यकतामा आधारित स्वास्थ्य सेवा सुदृढिकरण गर्न विभिन्न कानुनहरु तथा कार्यक्रमहरु निर्माण गरी अस्पताल र स्वास्थ्य चौकीहरुमा आवश्यक जनशक्ति र औषधीको तथा जनशक्ति यथेष्ट व्यवस्थापन गरिनेछ ।
- विश्व महामारीको रुपमा रहेको कोरोना भाइरस कोभिड-१९ को कारण सिर्जित लकडाउन र यसको असरका कारण अनपेक्षित परिवार सदस्य संख्या वृद्धि हुने संभावना आंकलन गरिएकोले तथा गाँउपालिकाभित्र परिवार नियोजनको अस्थायी साधन प्रयोगमा कमि आएकोले स्थायी/अस्थायी परिवार नियोजन सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकामा स्वास्थ्यको पहँच बृद्धिको लागि खनियाँखर्क नाकाजोली किराँते धापचौकी लगाएतका स्थानामा स्वास्थ्य कर्मी तथा स्वास्थ्य औजारको उचित व्यवस्थापनको लागि बजेट प्राथामिकता दिईने छ ।

<u>खानेपानी तथा सरसफाई</u>

- पुर्ण सरसफाई युक्त वाच्ने र सुद्ध खानेपानी खाने जनताको नैसर्गिक अधिकार हो यस कार्यक्रम कार्यान्वयनको लागि सरकारी गैर सरकारी सामाजिक संस्थाहरुको खानेपानी स्वास्थ्य सरसफाई कार्यक्रमलाई विशेष ध्यान दिईनेछ ।
- सिसा र पलास्टिक रहित गाँउपालिका निर्माणका लागि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।बजार बसेका क्षेत्र तथा सघन बस्तिहरुमा विशेष सरसफाइमा सहयोग पुग्ने जनचेतनामुलक कार्यक्रम बृक्षारोपण वातावरण संरक्षण फोहरमैला व्यवस्थापनको लागि बजेट विनियोजन गरिने छ ।

## सस्कृति प्रवर्द्धन

- भाषा, साहित्य, कला र सस्कृतिको संरक्षण तथा सम्बर्द्धनमा विशेष ध्यान दिइनेछ ।यससँग सम्बन्धित विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- गाँउपालिकामा रहेका गुम्बा मठ मन्दिरहरुको पहिचान संरक्षण एंव सम्बर्द्धनका लागि जोड दिइनेछ ।
- सिन्धुली र गोलन्जोरको संस्कृति प्रवर्द्धनमा सहयोग गर्ने संस्थाहरुसँग समेत हातेमालो गरी सस्कृति प्रबर्द्धन हुने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- धार्मीक मठ मन्दिर पाटी पौवा चौतारा मष्जित गुम्वाहरुको उचित संरक्षण गरि पर्यटकिय हवको रुपमा स्थापना तथा प्रचार प्रसार गरिने छ ।
- यस गाउँपालिका क्षेत्रमा रहेका विभिन्न धार्मिक मठ मन्दिर खेलमैदान  पुरातात्विक सास्कृतिक महत्वका बस्तुको उचित संरक्षण गरि पर्यटन प्रबर्द्धनको लागि प्राथामिकता दिईनेछ ।

## लैङ्गिक समानता एंव समाजिक समावेशीकरण

- महिला बालबालिका दलित तथा उत्पिडित जनजाती विपन्न सिमान्तकृत अपाङ्ग एंव पछाडी परेका बर्ग तथा समुदायको विकासको लागि लक्षित कार्यक्रमहरु संचालन गर्न त्यस्ता वर्ग समुदायको पहिचान विकास र सहभागिता र शशक्तिकरण गर्दै राज्यको मुलधारमा ल्याउनको लागि विशेष कार्यक्रम प्रदान गरिनेछ ।सकरात्मक विभेद नीति, तथा लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरण नीति, गरिवमुखी नीति, समाबेशिकरणका विभिन्न नीति अवलम्बन गरिनेछ ।
- मानव वेचविखन, घरेलु हिंसा, बालश्रम छुवाछुत तथा सामाजिक कुरितीको रुपमा रहेका प्रथाहरुको सबै पक्षहरुको सहयोगमा न्युनिकरणको प्रयास खोजिनेछ ।
- महिला, बालबालिका, दलित, अपाङ्ग, जेष्ठ नागरिक, असहाय र एकल महिलाहरुको सामाजिक सुरक्षा र मानव अधिकार सम्बन्धी सचेतना कार्यक्रम संचालनमा सामाजिक संघ संस्थाहरुलाई परिचालन गरिनेछ ।साथै संचालन भैसकेका कार्यक्रमहरुलाई पनि निरन्तरता दिइनेछ ।
- अति विपन्न परिवार, जो सरकारी पहुँचबाट सधैं छायामा छ, मजदुरी गरेर कमाउने संभावना पनि छैन, जसको खेतियोग्य उत्तम जमिन पनि छैन, एक हिसावले जमिनै छैन, विरामी परेको बेला सिटामोल किन्न समेत अर्काको घरमा धाउन पर्ने बाध्यता छ वा अति गरिवी छ, सो परिवारको न्युनतम मानवअधिकारको रक्षा गर्न विवरण तयार गरी पहिलो पटक तत्काल राहत महसुस गर्ने गरि विपन्न नागरिकसँग  अध्यक्ष तथा उपाध्यक्ष आय आर्जन जस्ता गरिव विपन्नलाई स्वोरोजगार हुने आर्थिक आम्दानी उद्यम व्यवसाय संचालनको लागि बिशेष  प्याकेज कार्यक्रम संचालनको लागि निरन्तरता दिईनेछ ।

- कोभिडको समयमा बैदेशिक रोजगारबाट आएका युवा श्रमिक वर्गलाई उधम व्यवसाय संचालनमा गर्न युवा स्वरोजगार कार्यक्रम युवा उद्यमशिल कार्यक्रम असंगठित क्षेत्रका श्रमिकहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम लगाएत गाउँपालिकाको विकास निर्माणमा आबद्ध हुने नीति तथा कार्यक्रम संचालन गरिनेछ ।
- खेलकुद विकासको लागि खेलकुद समिति मार्फत युवा विध्यार्थी र युवा क्लबको सारिरिक बृदि र विकासका माध्यामबाट स्वास्थ्यको लागि खेल नारालाई मुर्त रुप दिनको लागि विभिन्न खाले खेलकुद कार्यक्रमको लागि उचित बजेट व्यवस्थापनमा उचित बजेट तथा कार्यक्रम तयार गरिनेछ ।
- यस गाउँपालिकामा रहेका महिला किशोरी जेष्ठ नागरिक अपाङ्ग सुविधाबाट बन्चित समुदायको लागि विभिन्न आयमुलक तथा जेष्ठ नागरिक सम्मान जस्ता कार्यक्रम संचालन गरिनेछ ।

## ३.पूर्वाधार विकास

<u>सडक तथा पुल</u>

- गोलन्जोर गाँउपालिकाको केन्द्रदेखि सबै वडाहरुसम्म मोटरबाटो निर्माण तथा स्तरोन्नतीलाई उच्च प्राथमिकताका साथ अगाडी बढाइने छ ।साथै सडक सञ्जाल निर्माण र झोलुङ्गे पुल लागि संघ र प्रदेश सँग सहकार्यका लागि पहल गरिनेछ ।
- गोलन्जोर गाँउपालिकाभित्रका मुख्य सडक तथा बाटोहरु ८ आठ मिटर र सहायक बाटोहरु ६ छ मिटर चौडा गरि व्यवस्थित र खुला बस्ती विकासमा जोड दिइनेछ ।
- गाँउपालिका भित्र आवश्यक ठाँउहरुमा साना पक्की पुल तथा झलुङगे पुल निर्माणमा विशेष ध्यान दिइनेछ । साथै निर्माणका लागि सम्बन्धित निकायहरुसँग पहल गरिनेछ ।
- साइकल लेन ,पर्यटकिय गोडेटो र गोरेटो बाटो निर्माण विस्तार तथा सुधारमा ध्यान दिइनेछ ।

<u>सिंचाई</u>

- परम्परागत तथा आधुनिक सिंचाई योजनाहरु (थोपा स्प्रिङकल लिफ्ट आदि)लाई विशेष प्राथमिकतामा राखिनेछ र गाँउपालिका भित्रका सबै कृषि जमिनहरुमा सिंचाई हुने व्यवस्था मिलाईनेछ ।
- गाँउपालिकाभित्रका पानीका स्रोतहरुको संरक्षण गरी सो बाट साना सिँचाइको व्यवस्था गरिनेछ ।
- प्राङ्गगारीक तरकारी खेती एग्रो टुरिजममा आधारित तरकारी खेती तरकारी पकेट क्षेत्र फलफुल पकेट क्षेत्रको **एक गाउँ एक उत्पादन** गराई सोही आयोजना तथा कार्यक्रम कार्यान्वयको लागि उचित पाईप तथा विउँ विजन प्रविधी खरिद तथा वितरण गर्ने कार्यक्रम संचालनको लागि प्रथामिकता दिईनेछ ।साथै उक्त कार्यक्रम कार्यान्वयनको लागि सहकारी गैर सरकारी क्षेत्रको बजेट समेत परिचालन गरिनेछ ।

<u>भवन तथा सहरी विकास</u>

- वडा कार्यालयहरु, विद्यालयहरु, स्वास्थ्य चौकीहरु भवन निर्माण गराउन आवश्यकता अनुसार उच्च प्राथमिकता दिइनेछ । साथ भवन निर्माण सम्बन्धि कार्यमा सघीय सरकार प्रदेश सरकार र

विषयगत मन्त्रालयसँग आवश्यक समन्वय सहकार्य र सहकार्य र सहयोगमा भवन निर्माणको कार्य अगाँढी बढाईने छ ।

- गोलन्जोर गाँउपालिकाले गाउँपालिका भवनको लागि जग्गा व्यवस्थापन गरेको र सो भवन निर्माणको लागि सम्बन्धित निकायमा जोडदार पहल गरिनेछ ।
- कृषि तथा पशु उपज तथा संकलन केन्द्रको संचालनको लागि गाउँपालिकाको प्रति जग्गा र खाली जग्गाको उपयोग नीतिलाई अवलम्वन र उपयोग गरि त्यस्ता भवन निर्माण गरिनेछ ।
- भवन निर्माण गर्दा गाउँपालिका तथा सहरी विकास तथा भवन निर्माण विभागको मापदण्डलाई कार्यान्वयनमा ल्याइनेछ ।
- प्रकोप जोखिमबाट न्युनिकरण भएका वस्ति तथा घर निर्माणको लागि सघन वस्ती सुधारको तथा विस्तारको योजना अगाडी बढाइने छ।
- सबै बस्तीहरुमा मुख्य बाटोहरु ८ आठ मिटर र सहायक बाटोहरु ६ छ मिटर चौडा गर्ने कार्य निरन्तर अभियानकै रुपमा सञ्चालन गरिनेछ ।
- बजार सडक क्षेत्रहरुमा २ मिटर सम्मको फुटपाथ निर्माण गरिनेछ ।

<u>उर्जा लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत)</u>

- गाँउपालिकाभित्र वैकल्पिक उर्जा प्रयोगमा जोड दिइनेछ ।गाउँपालिकाका मुख्य मुख्य बस्तिमा सडक बत्ती व्यवस्थापनमा प्रथामिकता दिईनेछ ।
- सोलार सडक बत्ति र सरकारी संरचनामा वडा कार्यालय स्वास्थ्य चौकी लगाएत सरकारी भवनहरुमा सोलार प्रयोगमा जोड दिइ उज्यालो गाँउपालिकाको रुपमा विकास गरिनेछ ।
- कोरोना भाईरको माहामारीबाट विदेशबाट आफ्नो घर फर्कीयका युवाहरुको गाउँपालिकाले विभिन्न **युवा उद्यम सहयोग अनुदान सस्तो ऋणका** कार्यक्रम संचालन गर्नेछ ।
- विभिन्न क्षेत्रगत उद्यम संचालन गरेका गाउँपालिका स्तरिय उद्यम संचालन गरिने छ ।
- गाउँपालिका स्थानिय उद्यमीहरुले गरेका उत्पादनलाई उपभोक्ता तथा वजार सम्मको पहँच सुनिश्चित गर्नको लागि पशु तथा कृषि संकलन केन्द्र स्थापना गरिने छ ।

<u>संचार</u>

- वडा कार्यालय स्वास्थ्य चौकीहरुमा व्यवस्थित कम्पुटर ईमेल इन्टरनेट सेवाका लागि गाउँपालिका आफै र दुरसंन्चार प्राधिकरण र विषयगत मन्त्रालयसँग आवश्यक समन्वय सहयोगमा सूचना संचार क्षेत्रको विकास विस्तार गराईनेछ ।
- सुचना र सञ्चारमैत्री वडा कार्यालय स्वास्थ्य चौकी र विध्यालय बनाईनेछ ।
- सूचना प्रविधिको प्रयोग र उपयोगमा प्रथामिकता दिई विश्वलाई एउटा सानो गाउँ मान्यताको अवलम्वन अभ्यास र उपयोग गरिनेछ ।
- **४.वातावरण तथा विपद व्यवस्थापन**

<u>वन तथा भु-संरक्षण जलाधार संरक्षण वातावरण संरक्षण जलवायू परिवर्तन</u>

- बाँझो जमित सडक खाली चौर वनक्षेत्रलाई संरक्षण र विकासका लागि वृक्षारोपणका तथा भु-संरक्षणका कार्यक्रमहरु/क्रियाकलापहरु संचालन गरिनेछ ।साथै गाउँपालिकाबाट संचालन हुने विकास निर्माणमा वन तथा वातावरण क्षेत्रमा कुल बजेटको ३ प्रतिशत लगानीको नीति ल्याईनेछ ।

- सामुदायिक वन निजि वन सरकारी वन क्षेत्रमा पशुपंक्षि एंव वन्यजन्तुको समुदायमा आधारित संरक्षण प्रणाली अबलम्बन गरिनेछ ।
- जलवायू परिवर्तन वायुमण्डलिय उष्णता हरित गृह प्रभाव जैविक विविधता जस्ता वातावरण अनुकुलनका कार्यक्रमहरु संचालन गरिनेछ ।
- सिन गोलन्जोर ग्रिन गोलन्जोर गाँउपालिका भन्ने अवधारणा लागु गर्न विशेष जोड दिन पर्यापर्यटन एग्रोपर्यटन जटापर्यटन जडिबुटि खेतीलाई प्राथामिकता दिइनेछ ।
- सिमसार क्षेत्र पानीका मुहान तथा कुलेसाहरु संरक्षण तथा व्यवस्थित गरिनेछ ।कटान भएका क्षेत्र संरक्षण गर्ने कार्यलाई वायो ईन्जिनियरिङ्ग विकास र विस्तारको लागि वास निगालो जस्ता बृक्षारोपणमा उच्च प्राथमिता दिइनेछ ।
- वातावरण संरक्षण र विपद व्यवस्थापनका लागि विभिन्न निकाय, संघ, संस्था, एनजिओ र आइएनजिओहरु सँग समन्वय र सहकार्य गरी अगाडी बढिनेछ ।

<u>फोहरमैला व्यवस्थापन SANITATY LAND FILL SITES</u>

- फोहरमैला व्यवस्थापनका लागि फोहरमैला उत्पादनमा कमि गर्ने, पुन प्रयोग गर्ने तथा प्रशोधन (REDUCE, REUSE, RECYCLE) नीति अवलम्बन गरिनेछ ।
- गाँउपालिकाभित्र उचित land fill sites तथा dumping sites को स्थान पहिचान तथा व्यवस्थापन गरिनेछ ।

<u>जल उत्पन्न प्रकोप नियन्त्रण विपद व्यवस्थापन वारुण यन्त्र संचालन</u>

- गाँउपालिकामा एक विपद् व्यवस्थापन कोष निर्माण गरिनेछ । साथै विपद व्यवस्थापन सम्बन्धि विभिन्न निकायहरुसँग उचित समन्वय गरिनेछ ।
- खोला र नदिबाट बर्षाको समयमा हुनसक्ने कटान र क्षति सम्बन्धमा संवेदनशिलता अवलम्वन गर्न पुर्व वातावरणिय पुर्व सूचना केन्द्र स्थापना र संचालनको लागि विभिन्न दातृ निकायसँग समन्वय गरि संचालन गरिनेछ ।

५.संस्थागत विकास तथा सेवा प्रवाह

<u>मानव संसाधन तथा संस्थागत क्षमता विकास</u>

- गाँउपालिकाको समग्र विकासका लागि कर्मचारी र जनप्रतिनीधीहरु फर्म सहकारी उद्यमी लगाएतलाई विभिन्न तालिम गोष्ठी भ्रमण अध्ययन अनुसन्धान जस्ता कार्यहरुमा जोड दिइनेछ ।
- गोलन्जोर गाँउपालिका भित्रको सेवा प्रवाहलाई मजबुत गराउदै इमान्दार कर्मचारीको मनोबललाई उच्च राख्न सबै भन्दा अधिक समय इमान्दारिताका साथ कार्यालय समयमा उपस्थित भइ सेवा प्रवाह गर्ने स्वास्थ्य कर्मी, शिक्षक र कर्मचारीहरुलाई विभिन्न सुचकका आधारमा आर्थिक बर्षको अन्त्यमा पुरस्कृत तथा सम्मान गरिनेछ ।
- यस गाउँपालिका वा अन्तर्गत काम गर्ने स्वास्थ्य तर्फका अग्रपङ्क्तिमा रहि काम गर्ने स्वास्थ्य तर्फका र अन्य कर्मचारीहरुलाई थप **जोखिम भत्ता तथा अन्य थप प्रोत्साहन** सुविधा प्रदान गरिने छ ।
- संघीय सरकारले घोषणा गरेको कर्मचारीहरुलाई स्थानीय पर्यटन काजालाई यस गाउँपालिकाले पनि यस गाउँपालिका क्षेत्रमा काम गर्ने कर्मचारींहरुलाई **पर्यटन काज** प्रदान गरिने छ ।

- सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी बनाउन र कर्मचारीहरुको मनोबललाई उच्च राखी श्रमलाई सम्मान गर्न कार्यालय समय भन्दा बढी समय काम गर्नुपर्ने कर्मचारीहरुको लागि नियमको व्यवस्था गरी थप प्रोत्साहन भत्ता जोखिम भत्ता एव पुरस्कारको व्यवस्था गरिनेछ ।
- गाँउपालिकाको लागि आवश्यक प्राविधिक लगायतका अन्य कर्मचारीहरु नियमानुसार भर्ना गरी सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी वनाइनेछ ।
- स्थानिय सीप श्रोत साधन र क्षमताको अधिकतमा उपयोग गर्न विभिन्न सरोकारवाला संघ संस्थाहरुसंग साझेदारीमा विशेष जोड दिइनेछ ।
- गाउँपालिकाले बार्षिम रुपमा क्षमता विकास योजना निर्माण गरि उचित बजेट व्यवस्थापन गर्नेछ ।
- गाउँपालिका र विषगत कर्माचारीको कार्यविवरणको आधारमा कार्य सम्पादन सम्झौता र सोको उचित मुल्याकन गरि नतिजामा आधारित पुरस्कार तथा दण्डको व्यवस्था गरिने छ ।
- सेवा ग्राहिको संन्तुष्टि मापनको सुचकको आधारमा अवस्थाको विश्लेषण गरि जनताको सुझाव अनुसार क्रमिक सुधार गरिदै लगिदैछ ।
- यस गाउँपालिका क्षेत्रमा उपभोक्ता समिति निर्माण कार्यविधि २०७४ अनुसार दर्ता भएका उपभोक्ता समितिलाई स्थायी र दिगोपन मर्मत सम्भार र आयोजना तथा कार्यक्रमको निरन्तरताको लागि **उपभोक्ता समितिलाई दर्ता र स्थायी लेखा नम्वर** लिई संचालन गरिने छ ।

<u>संस्थागत पूर्वाधार नागरिक वडापत्र तथा टोकन प्रणाली</u>

- गाँउपालिकाभित्र अपाङ्ग, असहाय, वालमैत्री र लैङ्गिकमैत्री पोषण कर्नर जस्ता पूर्वाधारहरुको निर्माण तथा मर्मत सुधार गरिनेछ ।साथै तिनिहरुको लागि सेवाप्रवाहमा विशेष सहुलियत दिइनेछ ।
- स्पष्ट र उपयोगी इलोक्ट्रोनिक/कम्प्युटराइज नागरिक वडापत्रको प्रयोगमा जोड दिइनेछ ।
- गाउँपालिकामा सूचना सम्बन्धि सफ्वेयर जडान र संचालन गरिनेछ ।

<u>सेवा प्रवाहका मापदण्ड निर्धारण</u>

- गाउँपालिकामा स्व मुल्याङकन(Self evaluation) निर्देशिकाको पालना गरिनेछ ।
- विकासका कार्यक्रमहरुमा **सार्वजनिक निजी साझेदारी PPP को नीति** अबलम्बन गरिनेछ ।
- गाउँपालिकामा निर्माण भएको साझेदारी नीति अनुरुप क्षेत्रगत विकासलाई प्राथामिकता दिईनेछ ।

<u>सेवा प्रवाहमा विद्युतीय सुचना प्रविधीको प्रयोग</u>

- सेवा प्रवाहका सम्पूर्ण कार्यहरु कम्प्यूटर र इन्टरनेट प्रणाली मार्फत गरिनेछ ।
- सेवा प्रदायक र **सेवाग्राहीहरु प्रविधिमैत्री** बनाउन विभिन्न तालिम तथा संचारका कार्यक्रमहरु संचालन गरिनेछ ।
- गाँउपालिका कार्यालयमा सि. सि. टि. भि र वडा कार्यालय, स्वास्थ्य, मा वि विध्यालयहरुमा .ई हाजिरी मुख्य मुख्य सडकमा सडक बत्ती जडानलाई तिब्रता दिइनेछ ।

**६.वित्तिय व्यवस्थापन र सुशासन**

<u>राजस्व परिचालन वित्तिय अनुशासन र वित्तिय जोखिम न्युनिकरण</u>

- संचित कोषबाट हुने तलबभत्ता लगायत सबै सरकारी भुक्तानी सम्बन्धीत व्यक्ती तथा संस्थाको बैङ्क खाता मार्फत मात्रै गरिनेछ ।

- सुत्र प्रणाली र योजना तथा जिन्सी सफ्टवेयरहरुको पुर्ण प्रयोगमा गरिनेछ ।साथै हरेक कार्यहरु सफ्टवेयरको आधारमा गर्न जोड दिइनेछ ।
- आर्थिक मितव्ययीतालाई जोड दिंदै सुशासन अभिवृद्धिमा जोड दिइनेछ ।
- गाउँपालिका प्रहरी तथा राजश्व शाखाको भौतिक तथा मानविय क्षमता बृद्धि गरि प्रभावकारी कर संकलन गरिनेछ ।
- पेश्की तथा बेरुजु नियमितको लागि आवश्यक पहल गरिनेछ ।
- पारदर्शिताको लागि सामाजिक परिक्षण व्यवस्थापन परिक्षण सार्वजनिक परिक्षण सार्वजनिक सुनुवाई समिक्षा लगाएत कार्यक्रम संचालन गरिनेछ ।
- भुक्तानी प्रणालीलाई व्यवस्थित गरिनेछ ।

<u>लेखाङ्कन आन्तरिक लेखापरिक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली सार्वजनिक सुनुवाई सामाजिक परिक्षण अन्तिम लेखा परिक्षण तथा वेरुजु फर्छ्यौट र सुचना तथा संचार व्यवस्थापन</u>

- गाँउपालिकाको आर्थिक कारोबारहरुको प्रचलित कानुनअनुसार चुस्त दुरुस्त लेखाङ्कन गरिने छ ।र नियमानुसार आ.ले.प र म.ले.प गरी वार्षिक क्रियाकलापहरु तथा आय व्यायको विवरण आर्थिक मसान्त सकिदा वित्तिकै यथासिघ्र सार्वजनिक सुनुवाई गरिने व्यवस्था मिलाईने छ ।
- बेरुजु र बेरुजु फर्छ्यौटको विषयमा अति सम्बेदनशिलता अपनाइने छ ।

<u>प्रधानमन्त्री रोजगार कार्यक्रम</u>

- स्थानीयतहमा सञ्चालित योजनाहरुमा आवश्यक श्रमिकको व्यवस्थापन गर्दा यसै गाउपालिका भित्रका वासिन्दालाई प्राथमिकता दिइनेछ ।
- स्थानीय रोजगार रणनीति तर्जुमा गरिनेछ ।
- कामका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालन गर्दा मर्मत सँग सम्बन्धित योजनाहरुलाई प्राथमिकता दिइनेछ ।
- रोजगारमुलक आयोजनामा काम गर्न विपन्न परिवारलाई प्राथमिकता दिइनेछ । कोभिडका कारण रोजगार गुमाइ जिवनयापनमा समस्या भएकाहरुलाई समेत प्राथमिकता दिइनेछ ।
- रोजगारका थप अवसरहरु सिर्जना गर्नुका साथै कृषि पशुपालन लगायत स्वरोजगार बन्न प्रेरित गर्ने खालका तालिमहरु संञ्चालन गरिनेछ ।
- संघिय, प्रदेश र स्थानीय सरकारको साझेदारीमा सिपमुलक तालिमहरु सञ्चालन गरिनेछ । सिपमुलक तालिममा बेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिइनेछ ।

आदरणीय सभाध्यक्ष ज्यू ,

सदस्य ज्यूहरु ।

**७.आ.व.२०७८/७९ को प्रस्तावित बजेट प्रस्तुत गर्नु अनुमती चाहन्छु ।**

आगामी आ.व.२०७८/७९ को लागि गोलन्जोर गाँउपालिकाको लागि रु.४५ करोड १६ लाख ९९ हजार रुपैया विनियोजन गरेको छु ।कुल विनियोजन मध्ये संघिय सरकार शशर्त अनुदान रु २० करोड ४९ लाख , संघीय राजश्व बाँडफाडको मु.अ.कर तर्फ ३ करोड ६६ लाख ७२ हजार पाँच सय र राजश्व बाँडफाड अन्तःशुल्क तर्फ रु ३ करोड ६६ लाख ७२ हजार पाँच सय र संघिय वित्तिय समानीकरण अनुदान रु ८ करोड ९१ लाख रहेको छ ।त्यस्तै बाग्मती प्रदेश सरकारबाट शशर्त अनुदान रु १ करोड ३२ लाख ४९ हजार, बागमती प्रदेश समानीकरण अनुदान ७० लाख ९८ हजार , प्रदेश समपुरक अनुदान ९९ लाख ७४ हजार, प्रदेश विशेष अनुदान रु ४७ लाख र प्रदेश राजस्व बाँडफाँडमा रु २ करोड ५० लाख ८७ हजार ६७२ सिलिङ प्राप्त भएको छ ।गाँउपालिकाबाट रु २ करोड बयानब्बे लाख आठ हजार तिन सय साठ्ठी रुपैया आन्तरिक आय अनुमान गरिएको छ । बैंक मौज्दात नभएको र गाँउपालिकाको नियमानुसार काटिने र अन्य नियमानुसार जम्मा हुने आय कुनै शिर्षकमा प्राप्त नभएकोले अनुमान गरिएको छैन, प्राप्त भएमा हिंउदे अधिवेशनमा पेश गर्ने छु । संघिय सरकार , श्री श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रमको तर्फ रु. १ करोड बाउन्न लाख १५ हजार एक सय नौं रुपैया मात्र प्राप्त भएको छ भने गोलन्जोर गाँउपालिकाभित्र कार्यक्रमहरु सञ्चालन गर्न विभिन्न एन जि ओ आइ एन जि ओले रु ५८ लाख बराबरको कार्यक्रमहरु पेश भएको छ ।

**८. संघिय सरकार र प्रदेश सरकारले उपलब्ध गराएको हामीले बाँडफाड गर्न नपाउने शशर्त, समपुरक र विशेष अनुदानका बजेट तथा कार्यक्रम बाहेकको रु २२ करोड ३८ लाख ४४ हजारबाट गाँउपालिकाको चालुतर्फ रु ७ करोड ९३ लाख २ हजार पाँच सय र पुंजीगत तर्फ १४ करोड पैतालिस लाख ४१ हजार पाँच सय बिनियोजन गरेको छु।**

आ.व.२०७८/०७९ को लागि विषयगत क्षेत्रमा निम्न अनुसारको बजेट विनियोजन गरेको छु ।

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च रु हजारमा | पूजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | | गाउँ कार्यपालिका<br><br>वडा कार्यालय र विषयगत शाखा | (च)चालुतर्फ विनियोजन रु ७९३०२५०० | (क)आर्थीकविकास तर्फः रु २८१२५०००<br><br>(ख )पुर्वाधार विकास तर्फ रु<br><br>४२३९३५००<br><br>(ग)सामाजिक विकास तर्फ रु<br><br>५५७०२५००<br><br>(घ)वातावरण तथा विपद् तर्फ रु<br><br>१०२०००००<br><br>(ङ)संस्थागत विकास सुशासन तथा सेवा प्रवाह तर्फ रु<br><br>५९००००० | वित्तिय व्यवस्थापन तर्फ रु. २२२०५०० | २२३८४४०००। |

९.अब म विनियोजित योजनाहरु विस्तृतमा प्रस्तुत गर्दछु ।